आज मिति २०७६ साल श्रावन महिनाको २३ गते गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुन ज्यूको अध्यक्षतामा गाउँपालिकाको वडा नं. ७ ताकममा निम्न बमोजिमको उपस्थितिमा बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति :-

| | | | |
|---|---|---|---|
| श्री थमसरा पुन | अध्यक्ष | ध. गा. पा. | मुना म्याग्दी । |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष | " " " | " " । |
| श्री झक बहादुर छन्त्याल | वडाध्यक्ष | ध. गा. पा. वडा नं. | १ गुर्जा |
| श्री राम प्रसाद वि.क. | " | " " " " | २ लुलाङ |
| श्री पुर्ने पुन | " | " " " " | ३ मुना |
| श्री भेग प्रसाद घर्ती | " | " " " " | ४ मुदी |
| श्री खर्क कुमारी छन्त्याल | " | " " " " | ५ मल्कबाङ |
| श्री राजाराम उपाध्याय | " | " " " " | ६ मराङ |
| श्री कलानिधी शर्मा | का.वा. वडा अध्यक्ष | ध. गा. पा. | ७ ताकम |
| श्री देउ प्रसाद छन्त्याल | कार्यपालिका सदस्य | | |
| श्री बाल कुमारी सुनार | " | " | |
| श्री तिल कुमारी के.सी. | " | " | |
| श्री भिनमाया घर्ती | " | " | |
| श्री सुवादेवी रजा | " | " | |
| श्री राम बहादुर वि.क. | " | " | |
| श्री गोविन्द सुनार | कार्यपालिका सचिव | | |

प्रस्तावहरु :-

१) आ.व. २०७५/७६ मा सञ्चालित कार्यक्रमहरुको वार्षिक समिक्षा सम्बन्धमा ।
२) गाउँपालिका अन्तरगत कार्यरत करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
३) विद्यालय मर्जर गर्ने सम्बन्धमा ।
४) ग्याबिन तारजाली खरिद तथा वितरन सम्बन्धमा ।
५) मोटरबाटो मर्मत तथा सरसफाई सम्बन्धमा ।
६) 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ संसोधन सम्बन्धमा ।
७) धवलागिरी गाउँपालिकामा विद्यालयहरुमा करार शिक्षक व्यवस्थापन गर्ने कार्यविधी, २०७६ पारित सम्बन्धमा ।
८) शिक्षक आवश्यकता सम्बन्धि विज्ञापन अनुमोदन सम्बन्धमा ।
९) हिमाली जिल्लाले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धमा ।
१०) पर्यटन वर्ष २०१९-२०२२ को उपसमिति गठन सम्बन्धमा ।
११) स्थानीय पूर्वाधार विकास साझेदारी कोष अन्तरगतका योजना स्वीकृत सम्बन्धमा ।

थमसरा पुन

१२) करार कर्मचारीहरुको नपुग तलब भत्ता सम्बन्धमा ।

१३) नदी तथा खानीजन्य पदार्थ (ढुंगा, गिटी, र बालुवा) को उत्खनन् तथा निकासी गर्ने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।

१४) विविध

निर्णयहरु :

नि. नं. १. धवलागिरी गा.पा. मा आ.व. २०७५/०७६ का पूर्वाधार तर्फका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको बारेमा बैठकमा समीक्षा गरियो । साथै योजना तथा कार्यक्रम फरफारलाई अनुमोदन गरियो ।

नि. नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकामा कार्यरत विभिन्न सेवाका करार कर्मचारीहरुलाई देहाय बमोजिम गर्ने :-

क) गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीलाई २०७६ श्रावण १ गते देखि लागू हुने गरी ६ (६) महिनाको लागि करारावधि थप गर्ने ।

ख) वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी, गा. पा. मा कार्यरत कार्यालय सहयोगी र हलुका सवारी चालक (ड्राइभर) को ६ महिनाको लागि करार म्याद थप गर्ने ।

ग) कृषि तथा पशु सेवातर्फ कार्यरत एक गाउँ एक प्राविधिक कर्मचारीको हकमा ६ महिना को लागि करार म्याद थप गर्ने ।

घ) करारमा नियुक्त भएका स्वास्थ्य तर्फका कर्मचारीहरुको (कार्यालय सहयोगी) सेवाको करार अवधि ६ महिना थप गर्ने ।

ङ) शिक्षा शाखा अन्तरगत शिक्षा संयोजक भई काममाज गर्दै आउनुभएका कर्मचारी गिरि प्रसाद छन्त्यालको करार अवधि ६ महिना थप गर्ने ।

माथि उल्लेखित विभिन्न सेवा समुहका करार कर्मचारीहरुको करार अवधि लोक सेवा आयोग बाट स्थायी पदपूर्तिका लागि कर्मचारी सिफारिस भई आएमा वा प्रचलित कानुन विपरीत काम गरेमा र कार्यसम्पादन मा ह्रास आएमा करारका कर्मचारीहरुको समयावधि अगावै करार रद्द गर्न सकिने निर्णय गरियो ।

नि. नं. ३. यस गाउँपालिका अन्तरगत वडा नं. ४ र ६ मा अवस्थित अति न्यून विद्यार्थी भएका (१० भन्दा कम) विद्यालयहरुलाई नजिकको विद्यालयमा मर्ज गर्ने पालिकाको शिक्षा समिति को नीति अनुरुप तपशिलका विद्यालयहरुलाई आजैका मितिदेखि लागू हुने गरी मर्ज गर्ने निर्णय गरियो ।

१. कल्लेनी आ. वि. धौ.गा.पा. ६ कल्लेनीलाई जनविकास मा. वि. मराङ्मा

२. चेयुङ् आ. वि. धौ.गा.पा. ४ चेयुङ्लाई चन्द्रज्योति आ. वि. खिवाङ्मा र

३. रत्नज्योति आ. वि. धौ.गा.पा. ४ नाउरालाई चन्द्रज्योति मा. वि. खिवाङ्मा

साथै मर्ज गरिएका विद्यालयका शिक्षक/शिक्षिकाहरुलाई शिक्षा समितिको बैठकको निर्णयानुसार नै व्यवस्थापन गर्ने निर्णय गरियो ।

थमसरा पुन
गा. पा. अध्यक्ष

नि.नं. ४. वर्षा याम शुरु भए लगत्तै विभिन्न ठाउँमा हुन सक्ने बाढी पहिरो नियन्त्रण एवं रोकथाम गर्नको लागि ग्याबिन तारजाली खरिद गर्ने निर्णय गरियो। साथै यसै आ.व. मा यस गाउँपालिका अन्तरगत वडा नं. ६ को धारापानी-छेडो श्री किसानी मा.वि. को अगाडी र श्री भरत थापाको घर पछाडीको मोटरबाटो भत्किएकोले सो व्यवस्थापनको लागि १३ (तेह्र) थान तारजाली उपलब्ध गराउने निर्णय गरियो। साथै अन्य जोखिमपूर्ण स्थानमा तत्काल आवश्यक पर्ने तार जाली माग बमोजिम उपलब्ध गराउने निर्णय गरियो।

नि.नं. ५. वर्षा यामको झरी एवं वर्षातले यस गाउँपालिका अन्तरगतको विभिन्न सडक / मोटरबाटोमा पहिरो झरी बाटो बन्द भएको, यातायात अवरुद्ध भै सर्वसाधारणको जीवनयापनमा कठिनाई उत्पन्न भएकोले अवरुद्ध मोटरबाटो को पहिरो पन्छ्याउने तथा मोटरबाटो सफा गरी यातायात सञ्चालनमा ल्याउने निर्णय गरियो।

नि.नं. ६. मिति २०७५ साल श्रावण १८ गते पारित भै लागू भएको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि मा यस गाउँपालिकाको भौगोलिक अवस्था, विकास निर्माण अवस्था, यातायात व्यवस्था आदिलाई मध्यनजर गरी संशोधन गर्न वाञ्छनीय भएकोले उक्त कार्यविधि संशोधन गरी 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ (संशोधन सहित) लागु गर्ने निर्णय गरियो। साथै उक्त कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

नि.नं. ७. धवलागिरी गाउँपालिकाका विद्यालयहरुमा करारमा शिक्षक भर्ना गरी शिक्षक व्यवस्थापन गर्न " धवलागिरी गाउँपालिकाका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्ने कार्यविधि, २०७६ पारित गरी लागू गर्ने निर्णय गरियो।

नि.नं. ८. यस गाउँपालिका को विद्यालयहरुमा विषयगत शिक्षक खाली हुँदा विद्यालयको / विद्यार्थीको पठनपाठनमा अवरोध हुन पुगेकोले विद्यालयमा शिक्षक भर्नाका लागि आह्वान गरिएको "शिक्षक आवश्यकता सम्बन्धि विज्ञापन लाई अनुमोदन गर्ने निर्णय गरियो।

नि.नं. ९ म्याग्दी जिल्ला हिमाली जिल्लामा सूचीकृत भै सकेको अवस्थामा अन्य हिमाली जिल्लाहरुले अहिले पाउने सेवा सुविधा यस जिल्लाले प्राप्त गर्न नसकिरहेको हुँदा म्याग्दी जिल्ला ले पनि अन्य हिमाली-जिल्लाले पाउने सेवा सुविधा सरह पाउनुपर्ने माग राखी सो को लागि सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

नि.नं. १०. गण्डकी प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको च.नं. ३६ मिति २०७६/४/११ को पत्रानुसार पर्यटन वर्ष २०१९-२०२२ को लागि गण्डकी प्रदेश अन्तरगतका सबै स्थानीय तहमा पर्यटन प्रवर्धन गर्नका लागि लेखि आएकोमा देहाय बमोजिमको स्थानीय पर्यटन प्रवर्धन उपसमिति गठन गर्ने निर्णय गरियो :-

१. श्री थमसरा पुन - संयोजक (गा.पा. अध्यक्ष)
२. श्री रेशम हन्त्याल - सदस्य (गा.पा. उपाध्यक्ष)
३. श्री भक्ति हन्त्याल - " (" " " वडाध्यक्ष - १)
४. श्री राजाराम उपाध्याय - " (" " " " - ६)
५. श्री मेग प्रसाद घर्ती - " (" " " " - ४)
६. श्री गंगा पुन - " (पर्यटन व्यवसायी तर्फबाट)
७. श्री सुवादेवी प्रजा - " (" " ")
८. श्री कृष्ण भण्डारी - " (" " ")
९. श्री गोविन्द सुनार - सदस्य सचिव (प्र.प्र.अ. गा.पा.)

नि.नं. ११. स्थानीय सुविधा विकास साझेदारी कोष मार्फत सञ्चालन हुने आयोजनाहरु छनौटको लागि माग भई आएकोमा सो कोष मार्फत सञ्चालन हुने योजना/आयोजनाहरु पहाड साकेएकोले पेश भैसकेको योजना/आयोजनालाई अनुमोदन गर्ने निर्णय गरियो।

नि.नं. १२. कृषि ~~शाखा~~ तथा पशु सेवाका १ वडा १ प्राविधिक कर्मचारीहरुको लागि प्रति व्यक्ति १ लाख ६ हजारको दरले अख्तियारी प्राप्त भएको तर यस गाउँपालिकामा २ जना पशु प्राविधिक र ३ जना कृषि प्राविधिक रहेकोमा तीनहरुलाई आ.व. भरिको लागि तलब भत्ता नपुग्ने देखिन्छ। साथै नपुग तलब भत्ता रकम सम्बन्धित गाउँपालिकाले व्यवस्था गर्नुपर्ने भएकोले, यस आ.व. मा प्राप्त रकम विनियोजन भैसकेको र गत आ.व. को खर्च हुन बाँकी रकम बाट तत् तत् कर्मचारीहरुलाई नपुग तलब भत्ता हुँदाइ आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो।

नि.नं. १३ यस गाउँपालिका अन्तर्गतका नदी तथा खोलाबाट नदीजन्य तथा खानीजन्य पदार्थ (ढुंगा गिटी र बालुवा) उत्खनन् तथा निकासीको लागि साबिक गत आ.व. को लागि साबिकको जिल्ला विकास समितिको कार्यालय हाल जिल्ला समन्वय समितिको कार्यालय बाट तयार पारिएको प्रारम्भिक वातावरणीय प्रभाव परिक्षण प्रतिवेदनबाट ठेक्का लगाइएकोमा हाल सो प्रतिवेदनको समयावधि समाप्त भएकोले पुनः प्रारम्भिक वातावरणीय प्रभाव ~~मूल्यांकन~~ प्रतिवेदन प्रतिवेदन तयार गरी ढुंगा गिटि, बालुवा उत्खनन तथा निकासीका लागि कार्य प्रक्रिया अगाडि बढाउनु पर्ने भएकोले यस गाउँपालिका अन्तरगत को म्याग्दी खोला र म्याङ खोलाबाट नदी जन्य तथा खानीजन्य पदार्थ (ढुंगा गिटि र बालुवा) उत्खनन् तथा निकासी गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय प्रभाव प्रतिवेदन ~~मूल्यांकन~~ (IEE) गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

थमसरा पुन
गा. पा. अध्यक्ष

धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

नि. नं. १४. प्रस्ताव नं. १४ को विविध विषयमा छलफल गरी देहायको निर्णय गरियो :-

क) गरिबसँग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालकको करार अवधि २०७६ श्रावन १ गते देखि २०७७ आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो।

ख) आ.व. २०७६/०७७ को लागि जिल्ला दररेट निर्धारण समिति म्याग्दी ले निर्धारण गरेको आ.व. २०७५/०७६ को दररेट लाई नै यस गाउँपालिकाको दररेटको रुपमा स्वीकृत गर्ने निर्णय गरियो। साथै सो दररेटमा नपरेको आइटम लाई छिमेकी जिल्ला, मन्त्रालय, अन्य सार्वजनिक (सार्वजनिक) निकाय लगायतले कायम गरेको दररेटलाई नै आधार मान्ने निर्णय गरियो।

ग) आ.व. २०७५/०७६ को आन्तरिक लेखा परीक्षण गर्नको लागि को.ले.नि.का. म्याग्दीलाई अनुरोध गर्ने निर्णय गरियो।

घ) संघीय सरकारको प्रत्येक गाउँपालिकामा १५ (पन्ध्र) शैयाको अस्पताल निर्माण गर्ने लक्ष्य अनुरुप यस गाउँपालिका वडा नं. ७ ताकममा रहेको ताकम स्वास्थ्य चौकीलाई नै जनसङ्ख्या, भौगोलिक दुर्गमता (पायक पर्ने) अस्पताल निर्माणको लागि चाहिने जग्गा प्रयाप्त भएको र अन्य सुविधा लाई समेत आधार मानी १५ (पन्ध्र) शैयाको अस्पतालमा स्तरोन्नती गर्नका लागि सम्बन्धित निकायमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो।

(हस्ताक्षर)
थमसरा पुन
गा. पा. अध्यक्ष
धवलागिरी गाउँपालिका